

प्रधानमन्त्री रोजगार कार्यक्रम
वार्षिक प्रगति प्रतिवदेन
आ.व. २०७९-०८०

बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर बागलुङ
२०७२

<u>तयार गर्ने</u>

**रोजगार सेवा केन्द्र**
**बरेङ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**हुग्दिशिर,बागलुङ**

<u>पेस गर्ने</u>

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**प्रधानमन्त्री रोजगार कार्यक्रम**
**काठमाडौं**

इमेल – barengrm@gmail.com
वेब – www.barengmun.gov.np

# बरेङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर बागलुङ

पत्र संख्याः२०८०-८१
चलानी नं.: २५

गण्डकी प्रदेश, नेपाल

मितिः२०८०-०४-१५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)
सिंहदरबार,काठमाडौं ।

विषयः प्रगति विवरण पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको समन्वयमा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रद्वारा सञ्चालन गरिएको आ.व.२०७९-८० को वार्षिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनको विवरण यसै पत्र साथ पठाइएको व्यहोरा अनुरोध छ ।

२०८०।४।१५

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुगदिशिर बागलुङ

# रोजगार सेवा केन्द्र

## आर्थिक प्रतिवेदन-२०७९-०८०

### कार्यलय सञ्चालन, प्रशासनिक र विपन्न श्रमिक ज्याला खर्च

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सेवा केन्द्र सुदृढीकरण | आई.डि.ए | ३००००० | २९८५४० | १४६० | |
| २ | सेवा केन्द्र सञ्चालन | आई.डि.ए | २६५००० | २६४२७३ | ७२७ | |
| ३ | विपन्न श्रमिक ज्याला | नेपाल सरकार | ३४४८००० | ३४४७६८० | ३२० | |
| ४ | विपन्न श्रमिक ज्याला | आई.डि.ए | २६५१००० | २५६०००० | ९१००० | |
| | | | ६६६४००० | ६५७०४९३ | ९३५०७ | |

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार संयोजक तलब | नेपाल सरकार | ५६८००० | ५६७९५७ | ४३ | |
| २ | स्थानीय भत्ता | | ४८००० | १६२०० | ३१८०० | |
| ३ | पोशाक भत्ता | | १०००० | १०००० | ० | |
| | | | ६२६००० | ५९४१५७ | ३१८४३ | |

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार सहायक तलब | आई.डि.ए | ४५२००० | ३८४१२१ | ६७८७९ | |
| २ | स्थानीय भत्ता | | ३९००० | १०४९२ | २८५०८ | |
| ३ | पोशाक भत्ता | | १०००० | १०००० | ० | |
| | | | ५०१००० | ४०४६१३ | ९६३८७ | |

| क्र.स | शीर्षक | बजेट स्रोत | प्राप्त रकम | जम्मा खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक सहायक तलब | आई.डि.ए | ४५२००० | ४५१४९० | ५१० | |
| २ | स्थानीय भत्ता | | ३९००० | ११४०० | २७६०० | |
| ३ | पोशाक भत्ता | | १०००० | १०००० | ० | |
| | | | ५०१००० | ४७२८९० | २८११० | |

| | |
|---|---|
| जम्मा प्राप्त रकम | ८२९२००० |
| जम्मा खर्च रकम | ८०४२१५३ |
| फिर्ता रकम | २४९८४७ |

| | |
|---|---|
| श्रमिक ज्याला खर्च | ६००७६८० |

तयार गर्ने
रोजगार संयोजक
केशबराज क्षेत्री

रुजु गर्ने
लेखा प्रमुख
संगिता शर्मा

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत
जित बहादुर राना

२०८०।०४।१९

# प्रधानमन्त्री रोजगार कार्यक्रम
## आ.व. २०७९/८० को वार्षिक प्रगति प्रतिवेदन

परिचय:

नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ५१ (झ) मा श्रम र रोजगार सम्बन्धी नीतिको व्यवस्था गरेको छ । सोहीका आधारमा रोजगारीको हक सम्बन्धी ऐन २०७५, रोजगारीको हक सम्बन्धी नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन २०७८), कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ र युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६, एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन व्यवस्थापन कार्यविधि, २०८० निर्माण भई कार्यान्वयनमा रहेको छ । यस गाउँपालिकाको रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी दिने उद्देश्यका साथ विभिन्न सामुदायिक आयोजनाहरूसहित विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएको छ ।

## उद्देश्यः

- स्थानीय तहमा रहेका सीप विकास, उद्यमशिलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरको पहिचान गर्ने
- स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्ने,
- श्रम बजारको माग बमोजिम जनशत्तिको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने,
- स्थानीय तहमा दक्ष, प्रतिष्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने,
- स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सिप विकास, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिइने सेवा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक रुपमा पुर्नस्थापना तथा पुनः एकिकरण लगायतका सेवा वा लगायतका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने,
- बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा संलग्न गराउनका लागि सामुदायिक योजनाहरु सञ्चालन गर्ने

- समान ज्यालाको सही कार्यान्वयन गर्ने, काम गरेको ज्याला सिधैँ कामदारको आफ्नै खातामा रकम पठाउने

**यस गाउँपालिकाको समन्वयमा रोजगार सेवा केन्द्रद्वारा आ.व.२०७९/८० मा तपसिल बमोजिमका क्रियाकलापहरू सम्पन्न भएका छन्:**

- सूचीकृत बेरोजगार व्यक्तिहरूको विवरण ९३९ रहेकोमा प्रत्यके टोलटोलमा गइ बेरोजगार व्यक्तिको फाराम भरी हाल १२४१ पुर्याइएको,
- वडाबाट प्राप्त योजनालाई स्थानीय निर्देशक समितिबाट हेरफेर गरी गाउँसभाबाट पारित गरी रातो किताबमा योजना समावेश गरिएको,
- बेरोजगार व्यक्तिहरूको प्राथमिकीकरण गरी वेबसाइटमा प्रकाशन गरिएको,
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजनाहरूको कार्यान्वयन सरलीकृतका लागि प्राविधिकसँग समन्वय र सहकार्य गरी योजनाहरूको लागतमा आधारित रही गर्नुपर्ने कामहरूको विस्तृत विवरणसहितको डिजाइन इष्टिमेट तयार गरिएको,
- प्रत्येक वडा कार्यालयमा उपस्थित भइ सूचीकृत बेरोजगारहरूलाई अभिमुखीकरण गरी रोजगार उपभोक्ता समितिको गठन गरिएको,
- ९४ बेरोजगार व्यक्तिहरूलाई एक सय दिन रोजगार प्रदान गरी सबैको आ-आफ्नै खातामा रकम भुक्तानी गरिएको,
- आई.डि.ए. र नेपाल सरकारको बजेट गरी जम्मा १७ ओटा आयोजनाको काम गरिएको,
- रोजगार व्यवस्थापन सूचना प्रणालीमा नियमित गरेका कामको अद्यावधिक गरिएको,
- सर्वेक्षण फाराम उपलब्ध भएको,
- रोजगार रणनीति निर्माण गरी गाउँसभाबाट पारित गराइएको,
- रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत गरी सञ्चालनमा ल्याइएको,
- रोजगार संवाद मञ्च सञ्चालन गरी सरोकारवालाका सुझाव सङ्कलन गरिएको,
- विपन्न लक्षित योजनाहरु छनौटमा सहजीकरण भएको,
- रोजगार परामर्श तथा रेफरल सेवा प्रदान
- वैदेशिक रोजगारको सुविधामा सहजीकरण गरिएको,
- वैदेशिक रोजगारमा जाने ५ जना (बहराइन, कतार र साउदी ) को श्रम स्वीकृतिमा सहजीकरण गरिएको
- सिपविकास तालिमको बारेमा जानकारी गराइएको,
- बेरोजगारको दर घटाउनतर्फ सरोकारवालासँग समन्वय र सहकार्य गरिएको

**प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाका लागि प्राप्त बजेट:**

प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट प्राप्त: रू.३४,४८,०००


युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना आई.डि.ए बाट:रू.२६,५१,०००

स्थानीय तहबाट साझेदारी भएको बजेट: रू.११,००,०००।


कुल रकम रू. ७१,९९,०००।


**आयोजना सर्वे गर्दाका केही फोटोहरू:**














## सम्पन्न क्रियाकलापहरू

- दुई कोठे विद्यालय : १ वटा,
- खानेपानी मूल संरक्षण : २ वटा,
- पक्की नाली : ५०मिटर,
- मोटरबाटो कच्ची नाली : ५११० मिटर,
- मोटरबाटो सोलिङ : ३२ घनमिटर,
- सामुदायिक भवन : १ वटा,
- सामुदायिक भवन प्लाष्टर : २ वटा,
- प्रतिक्षालय : ७ वटा,
- कल्भर्ट : १ वटा,
- मोटरबाटो पाइप कल्भर्ट : ४ वटा,
- पदमार्ग पक्की : १०० मिटर,
- सिंचाइकुलो: ६ वटा,
- गोरेटोबाटो : ३० वटा,
- पोखरी मर्मत सरसफाइ : २ वटा,
- मेसीनरी वाल : ४२ घनमिटर,

- १७ वटा आयोजना सबै सम्पन्न भएका
- जम्मा सूचीकृत बेरोजगार संख्याः ९३९
- रोजगार पाएको संख्याः ९४ जना
- कुल प्राप्त रकमः ६० लाख ९९ हजार
- खर्च भएको रकमः ६० लाख ७ हजार ६ सय ८०
- वडागत साझेदारीः ११ लाख
- साझेदारी खर्चः १० लाख ५५ हजार
- श्रमिकले पाएको दैनिक ज्यालाः ६ सय ४०
- भौतिक प्रगतिः १०० प्रतिशत
- वित्तीय प्रगतिः ९९ प्रतिशत
- आगामी आ.व. का लागि सूचीकृत बेरोजगार :१२४१
- वैदेशिक रोजगारमा जाने व्यक्तिको श्रम स्वीकृति सहजीकरणः ५ जना

आ.व. २०७९/०८० को आयोजनाको प्रकार, बजेट तथा खर्चको विवरण :

| क्र.स | योजना तथा कार्यक्रमको नाम | वडा नं. | विनियोजन बजेट रु. | वित्तीय प्रगति प्रतिशत | खर्च भएको अनुदान रु. | भुक्तानी भएको | भौतिक प्रगति प्रतिशत | बजेटको श्रोत | कामदार संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | मसानघाट थाप्ले तल्लो डाँडाकटेरी तथा भण्डारखोला अरनिको हिरानेडाडा गो.बा | २ | 320000 | 100.0 | 320000 | 320000 | 100.0 | नेपाल सरकार | 5 |
| 2 | खाल्टा विग्धारा सेउडाथुम्का गो.बा.,सेउडाथुम्का पोखरी र कपालखर्क पानी मुल संरक्षण | २ | 384000 | 100.0 | 384000 | 384000 | 100.0 | नेपाल सरकार | 6 |
| 3 | ठूलाखर्क देखि खानीखोला, उपल्लो पिनालुबारी गो.बा. काउलाघाट मुलाघाट सिंचाई कुलो | २ | 384000 | 100.0 | 384000 | 384000 | 100.0 | आइ.डि.ए | 6 |
| 4 | खोलाखर्क सिग्धारा मैदान, खोलाखर्क सक्नेरी तथा काल्लेघाट बाभ्फडिही भेडाखर्क गो.बा | २ | 384000 | 100.0 | 384000 | 384000 | 100.0 | नेपाल सरकार | 6 |
| 5 | थुम सामुदायिक भवन निर्माण | १ | 320000 | 100.0 | 320000 | 320000 | 100.0 | नेपाल सरकार | 5 |
| 6 | वडा अन्तर्गतको ८ गोरेटोबाटो निर्माण | १ | 448000 | 100.0 | 448000 | 448000 | 100.0 | आइ.डि.ए | 7 |
| 7 | फलाटे तथा भैरे तगरा सिंचाइ र बास्कोट, कोकलदिप भवन पलास्टर | १ | 320000 | 100.0 | 320000 | 320000 | 100.0 | आइ.डि.ए | 5 |
| 8 | वडा अन्तर्गतको कच्ची नाली निर्माण | १ | 384000 | 100.0 | 384000 | 384000 | 100.0 | नेपाल सरकार | 6 |
| 9 | खाल्ले तथा नयाँबजार, ढाव कल्भर्ट निर्माण | ३ | 448000 | 100.0 | 448000.0 | 448000 | 100.0 | आइ.डि.ए | 7 |
| 10 | किसिमकोट, छरछरे, डाँडा प्रतिक्षालय निर्माण | ३ | 384000 | 100.0 | 384000.0 | 384000 | 100.0 | नेपाल सरकार | 6 |
| 11 | चिप्लेटी सिंचाई कुलो तथा वडा भित्रको गोरेटोबाटो मर्मत | ३ | 320000 | 100.0 | 320000.0 | 320000 | 100.0 | नेपाल सरकार | 5 |
| 12 | वडा अन्तर्गतको १० गोरेटोबाटो निर्माण | ४ | 320000 | 100.0 | 316800 | 316800 | 99.0 | आइ.डि.ए | 5 |
| 13 | थप्लुङ कल्भर्ट निर्माण र कमेरे खानेपानी मर्मत | ४ | 320000 | 100.0 | 316800 | 316800 | 99.0 | नेपाल सरकार | 5 |
| 14 | ३ प्रतिक्षालय निर्माण | ४ | 320000 | 100.0 | 318080 | 318080 | 99.0 | नेपाल सरकार | 5 |

| क्र.स | योजना तथा कार्यक्रमको नाम | वडा नं. | विनियोजन बजेट रु. | वित्तीय प्रगति प्रतिशत | खर्च भएको अनुदान रु. | भुक्तानी भएको | भौतिक प्रगति प्रतिशत | बजेटको श्रोत | कामदार संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| 15 | जनकल्याण प्रा.वि.२ कोठे भवन र गल्छिना पैदालमार्ग | ५ | 320000 | 100.0 | 320000 | 320000 | 100.0 | आइ.डि.ए | 5 |
| 16 | स्वास्थ्य चौकी वाल र नाली व्यवस्थापन, तिनकटेरी उर्लेनी गो.बा. | ५ | 320000 | 100.0 | 320000 | 320000 | 100.0 | आइ.डि.ए | 5 |
| 17 | मोटरबाटो मेसिनरी वाल तथा प्रतिक्षालय निर्माण | ५ | 320000 | 100.0 | 320000 | 320000 | 100.0 | नेपाल सरकार | 5 |
| जम्मा | | | 6016000 | 99.9 | 6007680.0 | 6007680 | 99.9 | | 94 |


| | |
|---|---|
| आइ.डि.ए तर्फ आयोजना संख्या | 7 ओटा |
| नेपाल सरकार तर्फ आयोजना संख्या | 10 ओटा |
| आइ.डि.ए तर्फको बजेटबाट काम गरेका | 40 जना |
| नेपाल सरकार तर्फको बजेटबाट काम गरेका | 54 जना |

ठेगाना वडा नं. १ धुल्लुबास्कोट



**विनियोजित बजेट: १४७२०००**
**काममा संलग्न जम्मा बेरोजगार संख्या : २३ जना**
**पुरुष: १२ महिला: ११**

**आयोजनाको नाम:**

**१४. थुम सामुदायिक भवन निर्माण**


**१५. वडा अन्तर्गतको आठ गोरेटोबाटो निर्माण**

**१६. फलाटे तथा भैरे तगरा सिंचाइ र बास्कोट, कोकलदिप भवन पलाष्टर**

**१७. वडा अर्न्तगतको कच्ची नाली निर्माण**





## ठेगाना वडा नं. २ हुग्दिशिर

**विनियोजित बजेट: १४७२०००**
**काममा संलग्न जम्मा बेरोजगार संख्या : २३ जना**
**पुरुष: ६  महिला: १७**

**आयोजनाको नाम:**

**१०. मसानघाट थाप्ले तल्लो डाँडाकटेरी तथा भण्डारखोला अरनिको हिरानेडाँडा गो.बा.**

**११. खाल्टा विग्धारा सेउडाथुम्का गो.बा., सेउडाथुम्का पोखरी र कपालखर्क पानी मुल संरक्षण**



**१२. ठूलाखर्क देखि खानीखोला, उपल्लो पिनालुबारी गो.बा., काउलाघाट मुलाघाट सिंचाई कुलो**

**१३. खोलाखर्क सिग्धारा मैदान, खोलाखर्क सक्नेरी तथा काल्लेघाट बाभ्रुडिही भेडाखर्क गो.बा.**



## ठेगाना वडा नं. ३ बाटाकाचौर

**विनियोजित बजेटः ११५२०००**
**काममा संलग्न जम्मा बेरोजगार संख्या : १८ जना**
**पुरुषः ६ महिलाः १२**

**आयोजनाको नामः**

**७. खाल्ले तथा नयाँबजार, ढाव कल्भर्ट निर्माण**



**८. किसिमकोट, छरछरे र डाँडा प्रतिक्षालय निर्माण**





**९. चिप्लेटी सिंचाई कुलो तथा वडा भित्रको गोरेटोबाटो मर्मत**






ठेगाना वडा नं. ४ सल्यान

**विनियोजित बजेटः ५६००००**
**काममा संलग्न जम्मा बेरोजगार संख्या : १५ जना**
**पुरुषः ९ महिलाः ६**

**आयोजनाको नामः**

**४. ढस गोरेटोबाटो निर्माण**





**५. थप्लुङ कल्भर्ट निर्माण र कमेरे खानेपानी मर्मत**




**६. तीन प्रतिक्षालय निर्माण**







## आयोजना सम्पन्न भएका वडा र आयोजनाको विवरण

### ठेगाना वडा नं. ५ सुखौरा



**विनियोजित बजेटः ५६0000**
**काममा संलग्न जम्मा बेरोजगार संख्या : १५ जना**
**पुरुषः ६ महिलाः ५**

**आयोजनाको नामः**


१. जनकल्याण प्रा.वि. २ कोठे भवन र गल्छिना पैदलमार्ग





२. स्वास्थ्य चौकी वाल र नाली व्यवस्थापन, तिनकटेरी उलेंनी गो.बा.

३. मोटरबाटो ग्याविनजाली तथा प्रतिक्षालय निर्माण






## काम गर्नुपूर्व अभिमुखीकरण कार्यक्रमका फोटोहरू






## बेरोजगारको निवेदन भर्ने सम्बन्धी कार्यक्रमका फोटोहरू



**रोजगार रणनीति तर्जुमा र संवाद मञ्च सञ्चालन छलफल कार्यक्रम**





**वैदेशिक रोजगारमा जाने व्यक्तिको श्रम स्वीकृत भएपछि लिएका तस्बिर**





**समस्याहरू**

- रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु,
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप, पुँजी र प्रविधिको परिचालन हुन नसक्नु,
- घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु,
- उद्यमशीलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु,
- सिपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु,
- कामप्रति सम्मानको कमी हुनु,
- श्रम, सिप र उत्पादनबीच तादत्म्यता कायम हुन नसक्नु,
- उत्पादनशील रोजगारी पर्याप्त रूपमा सृजना हुन नसक्नु,
- श्रम बजार सूचना प्रणालीको अभाव हुनु,

- स्थानीय रोजगारदाताहरूको पहिचान एवं सूचीकरण नहुनु,
- श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु
- कार्यक्रमप्रतिको धारणा परिवर्तन नहुनु, न्यून बजेट र असीमित आवश्यकता

**चुनौतीहरू**

- रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु,
- रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु,
- गाउँपालिकामा रहेका रोजगारीका अवसरहरूको पहिचान तथा नक्सांकन गर्नु,
- श्रम बजारको माग अनुसारको सिपमूलक दक्ष जनशक्ति तयार गर्नु,
- रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरूको नक्सांकन गर्नु,
- श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु,
- स्थानीय पाठ्यक्रमलाई व्यावहारिक र रोजगारमलूक बनाइ उद्यमशीलता विकास गर्नु
- अन्तरतह, अन्तरनिकाय समन्वय र सहकार्य हुन नसक्नु

**सुझावहरू**

- रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई न्यूनतम रोजगारीमा संलग्न गराउने,
- मुलुकको श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादालाई कायम राख्न काम तथा श्रमिकप्रतिको धारणामा व्यवहारिक परिवर्तन ल्याउने,
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप, पुंजी र प्रविधिको परिचालन गर्ने
- स्थानीय रोजगारदाताहरूको पहिचान एवं सूचीकरण नहुनु,
- श्रम तथा रोजगारीका क्षेत्रमा कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको बाहेक व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र वैचारिक आस्था वा अन्य सबै प्रकारका भेदभावलाई न्यूनीकरण गर्दै लैजाने,
- आन्तरिक रोजगारीका अवसरमा मुलुककै श्रमशक्तिको प्रयोग हुने वातावरण सृजना गर्न प्रवर्द्धनात्मक क्रियाकलाप गर्नु,
- अन्तरतह, अन्तरनिकाय र निजी क्षेत्रसँग बहुपक्षीय साझेदारी तथा समन्वय गर्नु ।

| | |
|---|---|
| ............ | ............ २०८०।०४।१८ |
| तयार गर्ने | प्रमाणित गर्ने |
| केशबराज क्षेत्री | जित बहादुर राना |
| रोजगार संयोजक | प्रमुख प्रशासकीय अधिकृत |

जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत